# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा विभाग
बबरमहल, काठमाडौं, ३ नं. प्रदेश, नेपाल


अत्यन्त जरुरी

प.सं.:०७४।७५ शिक्षा
च.नं.: 962

मिति:-२०७५।१।११

**विषय :- शैक्षिक सत्र २०७५ मा विद्यार्थीसंग लिने शुल्क सम्बन्धमा ।**

काठमाडौं महानगरपालिका स्थित सम्पूर्ण संस्थागत विद्यालयहरु
काठमाडौं ।

यस महानगरपालिका क्षेत्र भित्र सञ्चालित संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७५ का कक्षा नर्सरी देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीहरुबाट लिइने शुल्क सम्बन्धमा महानगर शिक्षा समितिको मिति २०७४।१२।२८ को बैठकबाट शैक्षिक सत्र २०७४ का लागि विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति काठमाडौंले तोकेको अधिकतम शुल्कबाट नबढ्ने नबढाउने गरी शैक्षिक सत्र २०७५ का लागि विद्यालयहरुले लिन पाउने अधिकतम शुल्क सीमा तोक्ने निर्णय भएको हुँदा यस महानगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले गत शैक्षिक सत्र २०७४ मा लिएको शुल्कलाई नै चालु शैक्षिक सत्र २०७५ मा पनि निरन्तरता दिनुहुन अनुरोध गरिन्छ । साथै केही विद्यालयहरुले यस महानगरपालिकाबाट खटिएका विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुको उपस्थितिमा भएको बैठकले निर्धारण गरेको शुल्क भन्दा बढी लिएको, प्रचलित ऐन नियम तथा निर्देशन बमोजिम प्रकृया पूरा गरी शुल्क तोक्नुपर्नेमा सो नगरी मनोमानी तरिकाबाट शुल्क लिने गरेको आदि जस्ता गुनासो आउनुका साथै सञ्चार माध्यमबाट समेत प्रकाशन तथा प्रशारण भैरहेकोमा यस महानगरपालिकाको ध्यानाकर्षण भएको छ । देश संघीयता कार्यान्वयनको शुरुवाती चरणमा रहेकोले कतिपय ऐन कानूनहरु बनिनसकेको, संगठन संरचना समेत तंदुरुस्त नभई सकेको र यस महानगरपालिकाले चालु शैक्षिक सत्रका लागि नयाँ शुल्क निर्धारण गर्नुभन्दा पनि गत शैक्षिक सत्रकै अधिकतम शुल्क सीमालाई निरन्तरता दिने भनी सम्बन्धित समितिबाट निर्णय समेत भई सकेको तथा संघीयता कार्यान्वयन गर्नमा सहयोग गर्नु तपाईं हामी सवैको कर्तव्य भएकोले यस्तो अवस्थामा कुनै पनि विद्यालयहरुले अनावश्यक निर्णय गरी विद्यार्थी तथा अभिभावकहरुलाई अप्ठ्यारो बनाउन हुँदैन भन्ने मान्यता महानगरपालिकाले राखेको हुँदा महानगरपालिका क्षेत्र भित्रका सम्पूर्ण संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७४ मा लिएको शुल्कभन्दा बढी शुल्क लिएको भए तुरुन्त सच्याउनु हुन अनुरोध गरिन्छ । अन्यथा महानगरपालिका कडा भन्दा कडा कारवाही गर्न वाध्य हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रल्हाद अर्याल
उप-सचिव-शिक्षा

**बोधार्थः-**
श्री सवै वडा कार्यालयहरु, काठमाडौं महानगरपालिका :- अनुगमनका लागि ।
श्री सवै विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरु काठमाडौं महानगरपालिका :- अनुगमनको लागि ।


बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np